


# यू.एम.एन. वार्षिक प्रतिवेदन, बझाङ २०७९/२०८०

यूनाईटेड मिसन टु नेपाल
UMN


**रूपान्तरित नेपाली समाजमा सबैलाई प्रशस्तताको जीवन**




**मोहन चन्द्र भण्डारी**
क्लष्टर टीम लीडर
बझाङ क्लष्टर

यूनाईटेड मिसन टु नेपाल (यू.एम.एन.) बझाङ क्लष्टरले विगत १४ वर्षदेखि यस जिल्लामा विकासका विभिन्न अवसरहरुबाट टाढा रहेका समुदायको हितमा काम गर्दै आएको छ । यति लामो समय देखि यस जिल्लामा सामाजिक विकासको अभियानमा एक दुई इट्टा थप्न पाउनु यू.एम.एन.को लागि गौरवको कुरा हो । गत आर्थिक वर्षमा यू.एम.एन. बझाङ क्लष्टरले हाम्रा साझेदार सस्थाहरुमार्फत बुङ्गल नगरपालिकामा समान व्यवहार तथा जलवायु परिवर्तन, मानसिक स्वास्थ्य र थलारा गाँउ पालिकामा सृजना, कृयाकलापमा आधारित सिकाई परियोजना, विपद व्यवस्थापन र मानसिक स्वास्थ्य सम्वन्धी परियोजनाहरु कार्यान्वयन गऱ्यो । गत आर्थिक वर्षमा हामीले सञ्चालन गरेका परियोजनाहरु मार्फत जम्मा २२,६६२ जना प्रत्यक्ष लाभान्वित हनु भएको थियो ।

समयको परिवर्तनसँगै सामाजिक विकासको आयाम पनि परिवर्तन हुँदै गएको छ । सम्पन्नहरुले दिने र विपन्नहरुले लिने अवधाराणा सुरु भएको विकासको यात्रा आजसम्म आईपुग्दा अनेकौ चरणहरु पार गरेको छ । आवश्यकतामा रहेकाहरुकालागि विकासको अवसर कृपा होइन अधिकारको रुपमा स्थापित भएको छ । विकास अहिले मानवअधिकारको प्रमुख हिस्सा बन्न पुगेको छ। विकासमा समान र अर्थपूर्ण सहभागिता, समान अवसर, न्यायोचित वितरण, समावेशिता र साझेदारीका सवालहरु जल्दोवल्दो रुपमा अगाडि आएका छन् । यस परिपेक्षमा यू.एम.एन.को एक्लो प्रयासले मात्र दीगो विकासका लक्ष्य प्राप्त गर्न सम्भव छैन। त्यसैले बझाङ जिल्लाको विकास र समृद्धिको लागि स्थानीय समुदाय, स्थानीय सरकार, नागरीक समाज तथा सरोकारवालाहरु बीचको सहकार्य र साझेदारी हुनु आवश्यक छ । त्यसैले यू.एम.एन. बझाङ क्लष्टरले यस कुरालाई प्राथमिकतामा राखेर काम गर्दै आएको छ ।




गत आर्थिक वर्षमा निर्माण गरिएका परियोजनाहरुको योजना निर्माण, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन प्रकृयामा सहयोग गर्ने सम्पूर्ण समुदाय, साझेदार सस्था स्थानीय सरकार, नागरीक समाज तथा सरोकारवाला र सहयोगी निकायहरुलाई यू.एम.एन. बझाङ्ग कलष्टरको तर्फवाट धन्यवाद दिन चाहन्छु। आगामी दिनहरुमा पनि यहाँहरुको सहभागिता, सहयोग तथा सहकार्य अझ बढेर जानेछ भन्ने विश्वास पनि लिएको छ ।



### क्रियाकलापमा आधारित सिकाई (ABL) परियोजना




क्रियाकलापमा आधारित सिकाई (ABL) परियोजनाले थलाराका ३२ विद्यालयका १,५५४ विद्यार्थीको गुणस्तरीय शिक्षामा सुधार ल्याएको छ । ४८ शिक्षकहरूले ABL पद्दती अनुसार अभ्यास गरेका छन् । तीमध्ये १९ जना स्रोत शिक्षकका रूपमा विकास भएका छन् ७८ कक्षा कोठामा भुँइको बसाई व्यवस्थापन भएको छ । विद्यालयहरूमा खानेपानी तथा शौचालय मर्मत तथा निर्माण गरी सरसफाई र स्वच्छता कायम गरिएको छ । थलारा गाउँपालिकाले परियोजनाको क्रियाकलापमा रु. ११,८६,००० को योगदान गरेको छ ।

### जलवायु परियोजना



जलवायु परियोजनाले २ वटा सिँचाइ नहर (७४० मिटर) र ३ पोखरी, २७० मिटर लामो ग्याबियन पर्खाल, ३ इको-पाथ, २ वटा बालमैत्री खानेपानीका धारा, २ वटा पानी मिल, २ वटा झरना पानी संरक्षण निर्माण गरेको छ । ४,८३० हिउँदे फलफूलका बिरुवा रोप्न सहयोग गरी जनचेतना जगाएका छन् । परियोजनाले २,१८५ घरधुरी लाभान्वित भएको, खानेपानी आपूर्तिमा सुधार, जीविकोपार्जनमा सुधार र १,६८८ व्यक्तिहरूलाई जलवायु प्रभाव न्यूनीकरणमा सशक्त बनाएको छ ।

### विपद् जोखिम व्यवस्थापन परियोजना

विपद् जोखिम व्यवस्थापन परियोजनाले थलारा गाउँपालिकाको सहकार्य तथा समन्वयमा ४४ जना स्थानीय डकर्मीहरुलाई भूकम्प प्रतिरोधी निर्माण तालिम, पहिरो नियन्त्रणका लागि १,४०० बिरुवा वृक्षारोपण, सुरक्षित आश्रयस्थल निर्माण, १२८ भूकम्प प्रभावित घरधूरीलाई राहत सहयोग, १,२५० विद्यार्थीहरुलाई भूकम्प नमुना अभ्यासमा अभिमुखीकरण, र विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना निमार्ण सम्बन्धी कार्यक्रमहरुमा सहयोग गरेको छ ।

### समान व्यवहार परियोजना



समानताका लागि हिंसा अन्त्य परियोजनाबाट बुङ्गल नगरपालिका ९, १० र ११ वडाका कूल १,११८ जना (८६२ महिला, २५६ पुरुष) त्यस मध्ये ८५ केटी, ६८ केटा, १२९ एकल महिला, २४ विपन्न र ३१९ दलितहरु प्रत्यक्ष लाभान्वित भएका छन् । महिला तथा बालिका विरुद्ध हुने हिंसा बिषेश गरी छाउपडी प्रथा न्यूनीकरण लैङ्गिक समानतामा उल्लेख्य सकारात्मक परिवर्तनहरू भएका छन् ।

### मानसिक स्वास्थ्य परियोजना

९७ जनाले भावनात्मक सहयोग र औषधी उपचार पाई स्वास्थ्यमा सुधार भएको छ । ३७ जना स्व-सहयोग समूहको छलफलमा बसेर आत्मबल बढेको र खुलेर आफ्नो कुरा राख्न सकेका छन् । १० जना सुधार भएको व्यक्तिहरुलाई आयआर्जनको सहयोग गरिएको छ जसले गर्दा अहिले आफ्नो काममा व्यस्त भएर घरका अभिभावकलाई सहयोग गरेका छन् । २८ स्वयम्सेवीकाहरुले समुदायमा मानसिक समस्या भएकाहरुलाई स्वास्थ्य चौकीमा रेफर गर्ने गरेका छन् ।

### सृजना परियोजना

सृजना परियोजनाले थलारा गाउँपालिकामा जम्मा १३१ युवा रोजगारी सृजना गरेको छ । जसमध्ये महिला ५३, पुरुष ७८, (दलित ५४, ब्राह्मण/क्षेत्री ७७ जना मध्ये अपाङ्गता परिवारबाट ५) जनाले रोजगारी पाएका छन् । सबैको जोड्दा कुल आम्दानी करिब ४९ लाख रुपैँया हुन आउँछ । गाउँपालिकाले जम्मा १४ लाख रुपैँया नगद योगदान गरेको छ ।

### बालबालिकाको चिकित्सा पुनर्स्थापना परियोजना

बझाङ जिल्लाका चारजना अपाङ्गता भएका बालबालिकाले चिकित्सा पुनर्स्थापना अन्तर्गत उपचार पाएका थिए । फलस्वरूप उनीहरू विद्यालयमा जाने भएका छन् । ती बालबालिकाहरुले अतिरिक्त क्रियाकलापमा भाग लिएका छन् । बालबालिकाको हिँडाईमा सुधार भएको कारण, उनीहरुको आत्म-सम्मान बढेको छ । उनीहरूले साथीहरू र शिक्षकहरूबाट कुनैपनि प्रकारको विभेद अनुभव गरेका छैनन् ।

## प्रमुख उपलब्धीहरु

- **३५** बालमैत्री शिक्षण–सिकाई
- **१३१** लघु उद्यममार्फत युवा रोजगारीमा सहयोग
- **२** सिँचाइ कुलो निर्माण
- **१००** प्रतिशत छात्रा महिनावरीको बेला विद्यालयमा सहभागिता
- **९७** मानसिक स्वास्थ्य उपचारमा लाभान्वित
- **४८** सी.टी.इ.भी.टी बाट मान्यता प्राप्त केन्द्रबाट तालिम प्राप्त
- **४८३०** वृक्षारोपण
- **१२०** परिवारलाई भूकम्प राहत प्रदान
- **११** विद्यालयहरुमा खानेपानी तथा शौचालय मर्मत
- **१०** मानसिक समस्या परिवारलाई आयआर्जनमा सहयोग
- **१** विद्यालयमा शुद्ध खानेपानी ट्याङ्की निर्माण
- **३** पुरुषद्वारा कुलत त्यागी घरायसी काममा सहयोग





## कपडा बुन्ने सफल महिला उद्यमी

वर्ष ४० की अन्जु देवी खाती थलारा गाउँपालिका बझाङकी कपडा बुन्ने सफल महिला उद्यमी बनेकी छिन् । परिश्रमी र लगनशील स्वाभाव भएकी उनी परम्परागत तानमा कपडा बुन्ने, अल्लो धागो प्रशोधन गर्ने र बिक्री गर्ने उद्यममा व्यस्त छिन् । यो उद्यमलाई निरन्तर रुपमा विस्तार गर्दै लैजाने उनको सपना छ । अघिल्ला वर्षहरु उनको परिवारका लागि केही दुःख र कष्टकर थिए । कोभिड महामारीमा उनका श्रीमान्ले भारतमा गरिरहेको रोजगारी गुमाए । दुईवर्ष अघिमात्र पहिरोले खेतीयोग्य जमिन लग्यो र उनको परिवारसँग नाम मात्रको जमिन बाँकी रह्यो । बाँकी रहेको जमिनमा उब्जनी हुदैन । उनको श्रीमान्ले मजदुरी गरेर भारतबाट पठाएको कमाईले सातजनाको जहान परिवारलाई खान पुग्दैन ।

परिवार धान्नै दुःख भएपछि अन्जु आय श्रोतको विकल्पको खोजीमा थिइन् । त्यसैबेला कीआ, कोर्डेड र यू.एम.एन.को सहकार्य एवं थलारा गाउँपालिकासँगको समन्वयमा स्थानीय साझेदार संस्था प्रगतिशील युवा समाज, बझाङद्वारा सञ्चालीत सृजना परियोजना उनको गाउँमा लागू भयो । वडा स्तरीय भेलाबाट त्यस क्षेत्रमा प्रशस्त अल्लोको कच्चा पदार्थ पाइने कुराको उजागर भयो । छलफलबाट अल्लो प्रशोधनमा आधारित उद्यमको संभावना पहिचान भयो । परियोजनाले अल्लो प्रसोधन उद्यम समूहको गठन गर्न सहजीकरण गऱ्यो र त्यसमा अन्जु पनि आवद्ध भइन् । परियोजनाले अन्जु लगायत १४ सदस्यीय उक्त समूहलाई सुरुमा १५ दिनको अल्लो प्रसोधन सम्बन्धी तालिम र त्यसपछि २२ दिनको कपडा बुनाई सीप तालिम प्रदान गऱ्यो ।

परियोजना मार्फत नै दाङ जिल्लाको घोराहीमा स्थापित एक अल्लो रेशा उद्योगमा अन्जुले ३ महिना ओ.जे.टी.गर्दै कपडा बुन्ने सीपमा दक्षता हासिल गर्ने अवसर प्राप्त गरिन् । गाउँ फर्किएपछि अन्जुले लगातार परम्परागत हाते तानमा कपडा बुन्दै आइरहेकी छन् । उनले तानमा ३२ मिटर कपडा बुनेर बिक्री गरी १७००० नेपाली रुपैंया बराबर कमाएकी छन् । उनको कपडा बुन्ने काम निरन्तर छ । यसै गरी उनले थप १७ हजार नेपाली रुपैंया बराबरको कपडा स्थानीय सहकारीलाई बिक्री गरेकी छन् भने, थप ४० मिटर कपडा बुनिसकेर बिक्रीमा राखेकी छन् ।

हाल अन्जु आवद्ध अल्लो प्रसोधन उद्यम समूहभित्र दुईवटा उप-समूह छन् - एउटा कपडा बुन्ने र अर्को झोला सिलाउने उप-समूह । अन्जु आफूले बुनेको कपडा झोला सिलाउने उप-समूहलाई पनि कच्चा पदार्थको रुपमा बिक्री गर्ने गर्छिन् । उक्त अल्लो प्रशोधन समूह विधिवत रुपमा 'मालिका भवानी अल्लो उद्यम समूह' का नाममा दर्ता भएको छ । यो उद्यम समूहसँग हाल आफ्नै दुई थान परम्परागत हाते तान सेट र नौ थान झोला सिलाई मेशिनहरु छन् ।

कपडा बिक्रीको कमाईबाट परिवारमा चामल, छोराछोरीको पढाई खर्च, लत्ताकपडा र चाडपर्वको खर्चमा अन्जुलाई सहयोग पुग्ने गरेको छ । अन्जु भन्छिन् म यो कपडा बुनाई काममा अझै राम्रो गर्ने प्रयासमा छु । नमुना महिला उद्यमीका रुपमा स्थापित हुने मेरो सपना छ । "मैले मेरो श्रीमान्लाई पनि भारतको मजदुरी कामबाट सधैंका लागि फिर्ता बोलाउने र सँगै बसेर यही उद्यममा निरन्तर लाग्ने योजना बनाएकी छु । म धेरै खुसी छु र यतिसम्म आइपुग्न गरेको सहयोगका लागि धेरै धन्यवाद दिन चाहन्छु ।"

## गतिविधि



विपद् व्यवस्थापन तालिममा सहभागीहरु



च्याउ खेती तालिममा महिलाहरु सहभागी



बाखापालनमा युवा रोजगारी सृजना



पार्की समुदायका युवाहरु निगालो खेतीको संरक्षण गर्दै

### स्थानीय तहको सरकारसँग सहकार्य

साझेदारी र सहकार्यका हिसावले गत आर्थिक वर्ष यू.एम.एन. बझाङ कलष्टर र हाम्रा साझेदार संस्थाहरु दलित सेवा सहयोग र प्रगतिशील युवा समाज लगाएत सम्पूर्ण परियोजना टीमको लागि अत्यन्तै उत्साहित वर्षको रुपमा रहयो । बुङ्गल नगरपालिका र थलारा गाँउपालिमा कार्यान्वयन भएका हाम्रा विभिन्न परियोजनाहरु जस्तै समान व्यवहार, जलवायु परिवर्तन, शिक्षा, मानसिक स्वास्थ्य, जीविकोपार्जन, विपद् व्यवस्थापन र १८ वर्ष भन्दाकम उमेरका अपाङ्गता भएका वाल वालिकाहरुको उपचार परियोजनाको कार्यान्वयन गर्ने क्रममा पालिका तथा अन्य सरोकारवालाहरुले जम्मा रु ५९,१९,४५५ रकमको साझेदारीको रुपमा सहयोग गरेर हौसला प्रदान गर्नु भएको थियो ।

### साझेदार संस्थाहरू

दलित सहयोग समाज बझाङ

प्रगतिशील युवा समाज बझाङ

**तपाईंको गुनासो वा पृष्ठपोषणको हामी सहृदय जवाफ दिनेछौं साथै तपाईंको परिचय गोप्य राख्नेछौं ।**

**हामीलाई सुझाव पेटिकामा सुझाव पत्र, ईमेल, कुराकानी वा फोन मध्ये कुनै पनि माध्यमवाट दिन सक्नुहुन्छ ।**

**यू.एम.एन. केन्द्रीय कार्यालय, पोष्ट बक्स नं. १२६, काठमाडौं,**
**१६६००१२८११८ (निःशुल्क फोन नं.)**
**९८४७३८७०३०, ९८६४३२६७३२**
**feedback@umn.org.np**
**feedback.bg@umn.org.np**
**www.umn.org.np/feedback**

यू.एम.एन. बझाङ क्लष्टर | जयपृथ्वी नगरपालिका, वडा नं. १० | चैनपुर बझाङ
फोन नं. ०९२ ४२१००३ | bajhang@umn.org.np | www.umn.org.np